**कार्यपालिकाको ६४ औं बैठक/स्थानः- अध्यक्ष ज्यूको कार्यकक्ष**

**मिति २०८२ साल श्रावण महिनाको ०९ गते शुक्रबार**

**अध्यक्षताः- श्रीमान् बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष**

**उपस्थितिः-**

१. श्री बेग प्रसाद गर्बुजा – अध्यक्ष

२. श्री लक्ष्मी देवी घर्ति मगर पुन – उपाध्यक्ष

३. श्री टंक प्रसाद पुन – वडा अध्यक्ष वडा नं. १

४. श्री उदय कुमार बुढाथोकी - वडा अध्यक्ष वडा नं. २

५. श्री मोति प्रसाद बुढा - वडा अध्यक्ष वडा नं. ३

६. श्री भजेन्द्रमान पुन - वडा अध्यक्ष वडा नं. ४

७. श्री मिम पुन - वडा अध्यक्ष वडा नं. ५

८. श्री पथ बहादुर रोका - वडा अध्यक्ष वडा नं. ६

९. श्री टक बहादुर पुन - वडा अध्यक्ष वडा नं. ७

१०. श्री मन कुमारी पुन – कार्यपालिका सदस्य

११. श्री प्रतिक्षा वि.क. - कार्यपालिका सदस्य

१२. श्री देवी पटेल - कार्यपालिका सदस्य

१३. श्री छरदेवी घर्ती - कार्यपालिका सदस्य

१४. श्री दल बहादुर खड्काथोकी - कार्यपालिका सदस्य

१५. श्री अनुप गौचन - कार्यपालिका सदस्य

१६. श्री हरिश्चन्द्र ढकाल – प्रमुख प्रशासकीय अधिकृत

**अन्य उपस्थितिः-**

सावित्री [illegible] पुन – सो.तं./प्रशासन शाखा

**प्रस्तावहरु:-**

१) सार्वजनिक सुनुवाई सम्बन्धमा ।

२) भाडाको सवारी साधनको म्याद थप सम्बन्धमा ।

३) सरुवा सहमति सम्बन्धमा ।

४) प्रहरीको जग्गा सम्बन्धमा ।

५) कवाडीको ठेक्का सम्बन्धमा ।

६) रिक्त दरवन्दी पदपूर्ति सम्बन्धमा ।

७) मनोसामाजिक परामर्शकर्ता करारमा नियुक्ति सम्बन्धमा ।

८) गणक नियुक्ति करारमा नियुक्ति सम्बन्धमा ।

९) बालुवा चोरी निकासी सम्बन्धमा ।

१०) डोजर सूचीकृत सम्बन्धमा ।

११) सडक बालबालिका मुक्त स्थानीय तह घोषणा सम्बन्धमा ।

१२) विविध ।

**निर्णयहरु:-**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा यस गाउँपालिकाबाट भएका कार्यहरुको सार्वजनिकरण र सार्वजनिक सुनुवाई व्यवस्थित रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाले भाडामा लिदै आएको भाडाको सवारी साधन नं. ध १ ज ६२९ को आ.व. २०८२/०८३ को अषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सरुवा सहमति माग गर्ने कर्मचारीहरुलाई हाललाई सरुवा सहमति नदिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिका आ.व. २०८२/०८३ को कार्यक्रममा प्रहरी कार्यालय भवन निर्माणका लागि रकम विनियोजन भएकोमा निःशुल्क जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक सूचना प्रकाशन निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिका भित्र भएका कवाडी सामानहरु उठाउने सम्बन्धमा न्यूनतम रु. १ लाख कायम हुने गरी बोल कबोल प्रथाद्वारा ठेक्का लगाउने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका पदहरुमा करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामी कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने १ जना मनोसामाजिक परामर्शकर्ता करारमा नियुक्तिका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा सामाजिक आर्थिक जोखिम सूचना व्यवस्थापन प्रणाली (SEVMIS) सञ्चालनका लागि यस गाउँपालिकाका विभिन्न वडाहरुमा घरधुरी सर्वेक्षण गर्न ९ जना गणक लाई प्रति घरको तथ्याङ्क सङ्कलन गरेबापत रु. १६५/०० का दरले पारिश्रमिक दिने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत पर्ने म्याग्दी खोलाको विभिन्न स्थानहरुबाट नदीजन्य पदार्थ चोरी निकासी हुन नदिका लागि रोक लगाउने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकामा सञ्चालन हुने विपद् लगायतका विभिन्न निर्माण कार्यमा प्रयोग हुने डोजर स्काभेटरहरुलाई यस गाउँपालिकामा सूचीकृत भएपश्चात मात्र उक्त कार्य गर्न पाउने गरी सूचीकृत हुन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा राष्ट्रिय बालअधिकार परिषद्को च.नं. १७३० मिति २०८२/०१/२८ को प्राप्त पत्रानुसार प्रत्येक स्थानीय तहलाई सडक बालबालिका मुक्त गराउने तथा घोषणा गर्ने सम्बन्धमा यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न वडाहरुबाट सडक बालबालिका नभएको भनी प्रतिबद्दता समेत प्राप्त भई सकेको हुँदा यस गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका घोषणा गर्ने निर्णय गरियो ।

१२. मिति २०८२/०३/२५ गते यस गाउँपालिका वडा नं. ३ को लुक्सीपारमा गएको पहिरोमा पुरिई एक हल गोरु, शौचालय र घरमा क्षति भएकोले कुल बहादुर बुढालाई आर्थिक सहयोग बापत रु. ५०,०००/ दिने र मृत्यु भएका जगेन्द्र बि.क., सरोज वि.क. को किरिया खर्च बापत निजको परिवारलाई जनही रु. २५,०००/ का दरले रु. ५०,०००/ दिने तथा मिति २०८२/०३/१६ गते वडा नं. ५ को मगरदाङमा बाटो हिड्ने क्रममा माथिबाट ढुङ्गा खसी सोही कारणले मृत्यु भएका बेग बहादुर बि.क.को

परिवारलाई रु. २५,०००/- किरिया खर्च दिने र उक्त खर्च **विपद् कोष** बाट गर्ने निर्णय गरियो ।

१३. यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा खटिएका प्राविधिकहरु तथा सचिव वडामा नगई गाउँपालिकामा प्रवृत्ति देखिएकोले निजहरुलाई वडामा नै खटाउने र प्रत्येक महिना व्यतित भएपछि वडा अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुको वडा अध्यक्ष र सचिवबाट हाजिरी प्रमाणित प्राप्त भएपछि मात्र तलबभत्ता निकासा गर्ने निर्णय गरियो ।

१४. आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार मालिका गाउँपालिका वडा नं. २ का राष्ट्रिय मा.वि., रुममा मा.वि. तहको १ जना अंग्रेजी शिक्षक र वडा नं. ७ का श्री किसानी मा.वि.को प्राविधिक शिक्षा तर्फको प्राविधिक प्रशिक्षक नियुक्ति गर्न अनुमति दिने निर्णय गरियो ।

१५. मालिका गाउँपालिका वडा नं. ५ अन्तर्गत श्री भिम माध्यमिक विद्यालयमा आधारभूत तह गणित-विज्ञान विषयको अस्थायी/करार शिक्षक नियुक्ति प्रयोजनार्थ तेस्रो पटक सम्म पनि शिक्षक लाइसेन्स भएको उमेदवारको आवेदन पेश हुन नआएमा उक्त दरवन्दीमा चौथो पटक ७ (सात) दिनको विज्ञापन आव्हान गरी लाइसेन्स नभएतापनि योग्यता भएका उमेदवारको दरखास्त आवेदन स्वीकृत गरी शिक्षक पदपूर्तिको आवश्यक कारवाही गर्ने निर्णय गरियो ।